ढकारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १० मितिः २०८०/११/०३

**भाग-२**

**ढकारी गाउँपालिका**

## ढकारी गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि,२०७९

आज्ञाले,

नामः लक्ष्मण साह

नि.प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३८ को महिलाको हकको कार्यन्वयन गर्न र गाउँपालिका भित्रका लैंगिक हिंसाबाट पिडित वा प्रभाबित महिला, बालबालिका तथा किशोरकिशोरीहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण, स्वस्थ्य उपचार तथा महिलाको हकहित संरक्षण र सम्बर्द्धन गर्नका लागि लैंगिक हिंसा निवारण कोष संचालन नियमावली, २०६७ को अधिनमा रहि, स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी ढकारी गाउँपालिकाको प्रशासकीय (नियमित गर्ने) ऐन, २०७४ बमोजिम ढकारी गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ ।

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>**

(क) यो कार्यविधिको नाम लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७९ रहेको छ ।

(ख) यो कार्यविध तुरुन्त प्रारम्भ हुनेछ ।

**<u>२. परिभाषा :</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) कार्यालय भन्नाले ढकारी गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) कोष भन्नाले दफा (३) बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) पीडित भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) गाउँपालिका भन्नाले ढकारी गाउँपालिका सम्झनु पर्छ ।

(ङ) कोष संचालन समिति भन्नाले दफा (७) बमोजिमको कोष संचालक समिति सम्झनु पर्छ ।

(च) लैंगिक हिंसा भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(छ) राहत समिति भन्नाले दफा (११) बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

**<u>३. कोष स्थापना :</u>** (१) लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ती, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) उपदफा (१) बमोजिमको रकम नेपाल सरकारबाट मान्यता प्राप्त क वा ख वर्गको बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

(४) कोष खाताको सांचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :** महिला हक हीतको संरक्षण गर्न, लैंगिक हिंसा पिडितलाई तत्काल उद्धार गर्न राहत तथा पुर्नःस्थापना गर्ने काम समेतका लागि  ढकारी गाउँपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

- तत्काल उद्धार गर्न,
- औषधि उपचार गर्न,
- राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,
- कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,
- कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,
- पुनस्थापना गराउन,
- पीडितको लागि संचालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा (४) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समिति र राहत समितिको सचिवालय तथा बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. कोष संचालक समितिको गठन : (१) कोषको संचालक तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष संचालक समिति रहनेछ ।

(२) संचालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समिति अध्यक्ष -सदस्य

(घ) कार्यपालिका सदस्य -सदस्य

(ङ) प्रहरी चौकी इन्चार्ज -सदस्य

(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्यबाट संचालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना -सदस्य

(छ) महिला, बालबालिका शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेट ।

(४) संचालक समितिको सचिवालय महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा रहनेछ ।

**८. संचालक समितिको काम, कर्तव्य र अधिकार :** संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैंगिक हिंसा निवारणको सम्बन्धमा ढकारी गाउँपालिकाबाट स्वीकृति नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कार्यलयको नाममा रकम निकासा गर्ने,

(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) ढकारी गाउँपालिका भित्र घटेका लैंगिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिमप्राप्त पीडितलाई वीउ पुंजी (सिड मनि) प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने,

(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खाजी गर्ने,

(ज) लैंगिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**९. संचालक समितिको बैठक र निर्णय :** (१) संचालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) संचालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) संचालक समितिको बैठक बस्नु भन्दा कम्तिका २४ घण्टा अगावै संचालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) संचालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थिति भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) संचालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा संचालक समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) संचालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) संचालक समितिले बैठकमा आवश्यकता अनुसार बैठकमा आवश्यकता अनुसार ढकारी गाउँपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) संचालक समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) संचालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. कार्यालयलाई रकम उपलब्ध गराउने :** पीडिलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि संचालक समितिले कोषबाट कार्यलयको नाममा रकम निकासा दिनेछ ।

**११. राहत समितिको गठन :** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि प्रत्येक जिल्लामा एक राहत समिति रहनेछ ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) प्रहरी चौकी इन्चार्ज -सदस्य

(घ) लैंगिक हिंसा निवारण क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट राहत समितिले तोकेको संस्थको प्रतिनिधि -सदस्य

(ङ) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख -सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) राहत समितिको सचिवालय शाखामा रहनेछ ।

(५) राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. राहत समितिको काम, कर्तव्य र अधिकार :** राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।

(ग) गाउँपालिकामा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने ।

(घ) लैंगिक हिंसा हुन नदिनको लागि गाउँपालिकामा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

**१३. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनीक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवपत प्रतिदिन दुई सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन दुईसय पचास रुपैयाँको दरले बढीमा तीन हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन दुई सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन दुई सय पचास रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा दुई हजार रुपैयाँ,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) संचालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यलयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई संचालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

**१४. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यलयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले दफा (१२) को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१५. तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा संचालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा बकढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी संचालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने संचालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१६. थप रकम निकासा माग गर्न सक्ने :** (१) संचालक समितिबाट शाखाको नाममा निकासा भएको रकम अपर्याप्त भएमा शाखाको सो कारण खुलाई संचालक समितिसँग थप रकम माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा संचालक समितिले शाखाको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ।

**१७. छुटै खाता खोल्नु पर्ने :** (१) गाउँपालिकाबाट प्राप्त भएको रकम कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त क वा ख वर्गको बैंकमा छुटै खाता खाली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाताको संचालन कार्यलय प्रमुख र लेखा प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

**१८. कोषको लेखा र लेखा परिक्षण :** (१) कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ
।

(२) कोषको लेखापरिक्षण कानून बमोजिम गाउँपालिकाले गराउनेछ ।

**१९. कोषको रकम फ्रिज नहुने :** यो कोषको रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नभइ बाकी रहेमा पनि फ्रिज हुनेछैन ।

**२०. प्रतिवेदन पेश गर्ने :** (१) समितिले आफूले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यपालिकाले वार्षिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

**२१. बैठक भत्ता :** संचालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**२२. निर्देशन दिन सक्ने :** (१) गाउँकार्यपालिकाले संचालक समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु संचालक समितिको कर्तव्य हुनेछ ।